# पञ्चेश्वर गाउँपालिका
# आम्चौरा,बैतडी
# शुदुरपश्चिम प्रदेश,नेपाल

# स्थानिय राजपत्र

## पञ्चेश्वर गाउँपालिका द्धारा प्रकाशित

---

खण्ड १ अंक १६ २०७६ पौष महिना ०१ गते मंगलबार

---

पञ्चेश्वर गाउँसभाको मिति : २०७६।०९।०१ गतेको बैठकबाट स्विकृति भएको **"पञ्चेश्वर गाउँपालिकामा जलस्रोतको सम्वन्धमा व्यवस्था गर्न वनेको नियमावलि २०७६"** स्थानिय सरकार सञ्चालन ऐन २०७४ बमोजिम सार्वजनिक जानकारीका लागि देहाय बमोजिम प्रकाशन गरिएको छ ।

# पञ्चेश्वर गाउँपालिकामा जलस्रोतको सम्वन्धमा व्यवस्था गर्न वनेको नियमावली २०७६

**प्रस्तावना:** नेपालको संविधान,स्थानिय सरकार सञ्चालन ऐन २०७४ तथा अन्य प्रचलित कानून वमोजिम स्थानीय तहलाई जलस्रोत तथा जलाधार,भूसंरक्षण,मुहान संरक्षण,खानेपानी,सिचाई,साना जलविद्युत,जल उपयोग एवं प्राकृतिक स्रोतको उपयोग एवं व्यवस्थापन सम्वन्धमा अपिहिमाल गाउँपालिका भित्रको भू-सतहमा वा भूमिगत वा अन्य कुनै अवस्थामा रहेको जलस्रोतको समुचित उपयोग संरक्षण,व्यवस्थापन र विकास गर्न एवं जलस्रोत लाभदायक उपयोगहरुको निर्धारण गर्न त्यस्तो उपयोगवाट हुने वातावरणीय तथा अन्य हानिकारक प्रभावको रोकथाम गर्न एवं जलस्रोतलाई प्रदुषण मुक्त राख्ने कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले अपिहिमाल गाउँपालिकाको प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन,२०७५ बमोजिम गाउँकार्यपालिकाले अपिहिमाल गाउँपालिकाको जलस्रोत नियमावली,२०७६ जारी गरेको छ ।

## परिच्छेद १
## प्रारम्भिक

**१.संक्षिप्त नाम र प्रारम्भ:**

१. यो नियमावलीको नाम अपिहिमाल गाउँपालिकाको जलस्रोत नियमावली २०७६ रहेको छ ।

२. यो नियमावली राजपत्रमा प्रकाशन भएपछी प्रारम्भ हुनेछ ।

**२.परिभाषा:** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस नियमावलीमा:

(क) “जलस्रोत” भन्नाले अपिहिमाल गाउँपालिका क्षेत्रभित्रको भू सतहमा वा भूमिगत वा अन्य जुनसुकै अवस्थामा रहेको पानी सम्झनु पर्दछ ।

(ख) “लाभदायिक उपयोगी” भन्नाले साधन र स्रोतले भ्याए सम्म उचित रुपले गरिएको जलस्रोतको उपयोग सम्झनु पर्दछ ।

(ग) “अनुमति प्राप्त व्यक्ति” भन्नाले नियमावलीको दफा १५,१७ र २० वमोजिम अनुमति प्राप्त व्यक्ति वा संगठित संस्था सम्झनु पर्दछ ।

(घ)“उपभोक्ता संस्था” भन्नाले दफा ४ बमोजिम गठित जल उपभोक्ता संस्था सम्झनुपर्छ ।

(ङ)“गाउँपालिका जलस्रोत समिति”भन्नाले दफा ३० वमोजिम गाउँपालिका जलस्रोत समिति सम्झनु पर्दछ (च)“अनुमतिपत्र”भन्नाले दफा १५,१७ र २० बमोजिम दिईने अनुमतिपत्र सम्झनु पर्दछ ।

(छ)“सर्भेक्षण” भन्नाले जलस्रोत उपयोगका लागि गरिने संभाव्यता अध्ययन, विस्तृत ईन्जिनियरिङ्ग डिजाइनको कार्य र त्यसका लागि गरिने अन्वेषणको कार्य समेत सम्झनुपर्दछ ।

(ज) “उपभोक्ता”भन्नाले जलस्रोत संग सम्वन्धित सेवा उपयोग गर्ने व्यक्ति सम्झनु
पर्दछ ।

(झ)“सेवा शुल्क” भन्नाले नेपाल सरकार,प्रदेश सरकार तथा गाउँपालिका वा अनुमति पत्र प्राप्त व्यक्तिले उपलब्ध गराएको जलस्रोत संग सम्वन्धित सेवा उपयोग गरे वापत उपभोक्ताले बुझाउनुपर्ने शुल्क सम्झनु पर्दछ ।

(ञ)“गाउँपालिका” भन्नाले पञ्चेश्वर गाउँपालिका सम्झनु पर्दछ ।

(ट)“गाउँ कार्यपालिका” भन्नाले गाउँपालिकाको कार्यपालिका सम्झनु पर्दछ ।

(ठ)“प्रमुख” भन्नाले गाउँपालिकाको प्रमुख सम्झनु पर्दछ ।

(ड)“ उप प्रमुख” भन्नाले गाउँपालिकाको उप प्रमुख सम्झनु पर्दछ ।

(ढ)“ प्रमुख प्रशासकीय अधिकृत” भन्नाले गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्दछ ।

## परिच्छेद २
## जलस्रोत स्वामित्व सम्वन्धी व्यवस्था

**३.जलस्रोत स्वामित्वः**

(१) पञ्चेश्वर गाउँपालिका भित्र रहेको जलस्रोतको स्वामित्व गाउँपालिकामा निहित
रहने छ ।

२)प्रचलित संघिय, प्रदेश तथा गाउँपालिकाको कानुन वमोजिम गाउँपालिकाको जलस्रोतको उपयोग तथा व्यस्थापन गर्ने अधिकार गाउँपालिकामा रहने छ ।

## परिच्छेद ३
## उपभोक्ता सम्वन्धी व्यवस्था

**४.जल उपभोक्ता संस्थाको गठनः**

(१)सामुहिक लाभको लागि संस्थागत रुपमा जलस्रोतको उपयोग गर्न चाहने व्यक्तिहरुले जल उपभोक्ता संस्था गठन गर्न सक्नेछन ।

(२) उपनियम(१) बमोजिम गठन गरिएको जल उपभोक्ता संस्थालाई गाउँपालिका जलस्रोत समिति समक्ष दर्ता गराउनु पर्नेछ ।

(३) उपनियम(२) बमोजिम जल उपभोक्ता संस्था दर्ता गर्न देहाय बमोजिम गर्नुपर्नेछ ।

(क)पदाधिकारी तथा सदस्य समेत गरी कम्तीमा सात जनाको उपभोक्ता संस्था गठन भएको,

(ख)संस्थाको विधान एक प्रति,

(ग)अनुसूची १बमोजिमको निवेदन,

(घ)आर्थिक ऐनमा तोकिए बमोजिमको दस्तुर,

<u>५.उपभोक्ता संस्थाको दर्ताको लागि दरखास्त दिनुपर्ने</u> :नियम ४को (३) बमोजिम उपभोक्ता संस्था गठन गरी दर्ता गराउन चाहने सम्वन्धित उपभोक्ताहरु मध्ये कम्तीमा सात जना उपभोक्ताहरुले अनुसूची १ वमोजिमको ढाँचामा उपभोक्ता संस्थाको एक प्रति विधान र तोकिएको दस्तुर सहित गाउँ जलस्रोत समिति समक्ष दरखास्त दिनु पर्नेछ ।

<u>६.विद्यमान खुलाउनु पर्ने विवरणहरुः</u> नियम ४ वमोजिम पेश गर्नुपर्ने उपभोक्ता संस्थाको विधानमा संस्था सम्वन्धि देहायका विवरणहरु खुलाउनुपर्नेछ ।

(क)पूरा नाम र ठेगानाः

(ख)उद्धेश्य तथा कार्यक्षेत्रः

(ग) सदस्यको लागि योग्यता तथा सदस्यता शुल्कः

(घ)सदस्यको निष्काशन र राजीनामाः

(ङ)हकदावी नामसारी वा हकवालाको मनोनयनः

(च)साधारण सभा सम्वन्धी व्यवस्थाः

(छ)सञ्चालक समिति गठन निर्वाचन काम कर्तव्य अधिकार सम्वन्धीः

(ज)सञ्चालक पदमा वहाल रहन नसक्ने अवस्थाः

(झ)सञ्चालक समितिको वैठक सम्वन्धी कार्यविधिः

(ञ)कोष तथा लेखापरिक्षणः

(ट)विधान संशोधनः

(ठ)विविधः

**७.उपभोक्ता संस्था संगठित संस्थाहुने :**(१) उपभोक्ता संस्था अविछिन्न उत्तराधिकारवाला स्वशासित र संगठित संस्था हुनेछ ।

(२)उपभोक्ता संस्थाको सवै कामकारवाहीको निमित्त आफ्नो छुट्टै छाप हुनेछ ।

(३)उपभोक्ता संस्थाले व्यक्ति सरह चल अचल सम्पत्ति प्राप्त गर्न उपयोग गर्न वेच विखन गर्न वा अन्य किसिमको व्यवस्था गर्न सक्नेछ ।

(४)उपभोक्ता संस्थाले व्यक्ति सरहउजुर गर्न र उपभोक्ता संस्था उपर पनि सोही नामवाट नालिस उजुर लाग्न सक्ने छ ।

**८.दर्ता, नवीकरण र प्रमाण पत्रः**(१)नियम ५ वमोजिम पर्न आएको दरखास्त उपर गाउँपालिका जलस्रोत समितिले आवश्यक जाँचवुझ गरी उपभोक्ता संस्था दर्ता गर्न उपयुक्त देखेमा दर्ता गरी अनुसुची २ वमोजिमको ढाँचामा उपभोक्ता संस्था दर्ताको प्रमाणपत्र दिनुपर्नेछ ।

(२)उपनियम (१) वमोजिम कुनै उपभोक्ता संस्था दर्ता गर्न उपयुक्त नदेखेमा गाउँपालिका जलस्रोत समितिले सोको स्पष्ट कारण खोली दरखास्तवालालाई दरखास्त परेको मितिले पैतिस दिनभित्र सो कुराको सुचना दिनुपर्नेछ ।

(३) यो नियमावली प्रारम्भ हुनु अगावै प्रचलित कानुन वमोजिम दर्ता भएका उपभोक्ता संस्थाहरु यसै नियमावली वमोजिम दर्ता भएको मानिनेछ ।

(४) उपभोक्ता संस्थाहरुले बार्षिक रुपमा नवीकरण समेत गराउनुपर्ने छ ।

**९. विधान संशोधनः**(१)उपभोक्ता संस्थाले आफ्नो विधान संशोधन गर्नुपर्ने भएमा विधानको प्रकृया पूरा गरी तयार गरिएको विधानको संशोधित मस्यौदा गाउँपालिका जलस्रोत समितिमा पेश गर्नुपर्नेछ ।

(२)उपनियम(१)बमोजिम विधान संशोधन सम्वन्धमा गाउँपालिका जलस्रोत समितिले आवश्यक जाँचवुझ गरी विधानलाई संशोधन गर्न स्वीकृति दिन सक्नेछन ।

## परिच्छेद ४

## जलस्रोतको उपयोग सम्वन्धी व्यवस्था

**१०.जलस्रोत उपयोगः** (१)यस नियमावली बमोजिम अनुमतिपत्र प्राप्त नगरी कसैले पनि जलस्रोतको उपयोग गर्न पाउनेछैन ।

(२)उपनियम(१)मा जुनसुकै कुरा लेखिएको भएता पनि देहाय बमोजिम जलस्रोतको उपयोग गर्न अनुमति लिनुपर्ने छैन । अनुमति लिन चाहेमा यस नियमले वाधा पुर्‍याएको मानिनेछैन ।

(क) व्यक्तिगत वा सामुहिक रुपमा आफ्नो निमित्त खानेपानी र अन्य घरेलु प्रयोगका लागि उपयोग गर्न ,

(ख) व्यक्तिगत वा सामुहिक रुपमा आफ्नो जग्गाको सिंचाइ गर्न ,

(ग) घरेलु उद्योगको रुपमा पानीघट्ट वा पानीचक्की चलाउन ,

(घ) व्यक्तिगत रुपमा स्थानीय आवागनको लागि डुङगाको प्रयोग गर्न ,

(ङ) जग्गाधनीले आफ्नो जग्गा भित्र मात्र सीमित रहेको जलस्रोत तोकिए बमोजिम उपयोग गर्न ,

(३) जलस्रोत उपयोग गर्ने व्यक्ति वा संगठित संस्थाले अरुलाई मर्का नपर्ने गरी लाभदायक उपयोग गर्नुपर्नेछ ।

**११.जलस्रोत उपयोगको प्राथमिकताक्रमः**(१) जलस्रोत उपयोग गर्दा साधारणतया देहायको प्राथमिकताक्रम अनुसार गर्नुपर्नेछ ।

(क) खानेपानी र घरेलु उपयोग,

(ख) सिंचाइ

(ग) पशुपालन तथा मत्स्यपालन जस्ता कृषिजन्य उपयोग,

(घ) जलविद्युत्त

(ङ) घरेलु उद्योग,औद्योगीक व्यवसाय तथा खानीजन्य उपयोग

(च) जल यातायात,

(छ) आमोद प्रमोदजन्य उपयोग,

(ज)अन्य उपयोग

(२) जलस्रोत उपयोग गर्दा कुनै विवाद उत्पन्न भएमा जलस्रोत उपयोग जाँचवुझ समितिले उपनियम(१) को प्राथमिकताक्रम दफा १० को उपनियम (३) बमोजिम जलस्रोतको लाभदायक उपयोग भए नभएको र अन्य आवश्यक जाँचवझ समेत गरी सोको आधारमा सम्वन्धित जलस्रोतको उपयोग गर्न पाउने नपाउने वा कुनै किसिमले उपयोग गर्न पाउने भन्ने कुराको निर्धारण गर्नेछ ।

(३) उपनियम(२) बमोजिम जलस्रोत उपयोग जाँचवुझ समितिले निर्धारण गरेको कुरा सम्वन्धित सवैलाई मान्य हुनेछ ।

(४) उपनियम(२) बमोजिम जलस्रोत उपयोग जाँचबुझ समितिले सोही उपदफामा उल्लेखित कुराको निर्धारण गर्दा अपनाउनुपर्ने कार्यविधि नियम ४२ (३) मा तोकिए वमोजिम हुनेछ ।

**१२. अनुमतिपत्रको व्यवस्था:**(१) जलस्रोतको सर्वेक्षण वा उपयोग गर्न चाहने व्यक्ति वा संगठित संस्थाले सम्वन्धित विषयको आर्थिक प्राविधिक र वातावरणीय अध्ययन प्रतिवेदन तथा तोकिए वमोजिमको विवरणहरु खुलाई गाउँपालिका जलस्रोत समिति समक्ष अनुमती पत्रको लागि दरखास्त दिनपर्नेछ तर जलस्रोतको सर्भेक्षण र नियम १० को(२) बमोजिम उपयोगका लागि अनुमतिपत्रको लागि दरखास्त दिँदा त्यस्तो अध्ययन प्रतिवेदन संलग्न गर्न आवश्यक पर्नेछैन ।

(२) उपनियम(१) बमोजिम परेको दरखास्तमा गाउँपालिका जलस्रोत समितिले आवश्यक जाँचवुझ गरी दरखास्त परेको मितिले जलस्रोत सर्वेक्षणको अनुमतिपत्रको हकमा तीस दिन भित्र र जलस्रोत उपयोगको अनुमतिपत्रको हकमा १२० दिन भित्र तोकिए बमोजिमको ढाँचामा आवश्यक शर्तहरु तोकी नियम ११को उपनियम १ मा उल्लेखित प्राथमिकताक्रम अनुसार दरखास्तवालालाई अनुमतिपत्र दिनु पर्नेछ ।

(३) अनुमतिप्राप्त व्यक्तिले जलस्रोतको उपयोग वापत नेपाल सरकार,प्रदेश सरकार र गाउँपालिकालाई तोकिए बमोजिमको दस्तुर वा वार्षिक शुल्क वुझाउनुपर्नेछ ।

(४) अनुमतिपत्र प्राप्त व्यक्तिले आफ्नो अनुमतिपत्र विक्रि गर्न वा अन्य कुनै प्रकारले कसैलाई हस्तान्तरण गर्नुपरेमा गाउँपालिका जलस्रोत समितिवाट तोकिए वमोजिम स्वीकृती लिनुपर्नेछ ।

**१३.जलस्रोत उपयोगको सर्वेक्षण अनुमतिपत्रको लागि दरखास्त दिने:**(१) जलस्रोत उपयोगको सर्वेक्षण अनुमतिपत्र लिन चाहने व्यक्ति वा संगठित संस्थाले अनुसूची ३ वमोजिम ढाँचामा प्रस्तावित परियोजनासंग सम्वन्धित देहायका विवरणहरु खुलाइ गाउँपालिका जलस्रोत समिति समक्ष तीन प्रति दरखास्त फारम दिनुपर्दछ ।

(क) परियोजनाको विवरण

(ख) परियोजना रहने स्थानको नक्सा(मुख्य मुख्य संरचना समेत देखिने)

(ग) पानीको स्रोत र उपयोग हुने पानीको परिमाण,

(घ) परियोजनावाट लाभान्वित हुने उपभोक्ताहरुको संख्या र किसिम,

(ङ) सर्वेक्षण गरिने जलस्रोतको क्षेत्र,

(च)परियोजना सम्पन्न गर्न लाग्ने अनुमानित कुल अवधि र लागत(सर्वेक्षण र सञ्चालनको लागि
समेत)

(छ) मुहान रहेको क्षेत्रको चार किल्ला तथा अन्य आवश्यक कुराहरु ।

(२) उपनियम (१) बमोजिम सर्वेक्षण अनुमतिपत्रको लागि दरखास्त दिदा अर्थिक ऐनमा उल्लेख भएमा सोही अनुसार र नभएमा अनुसूची ८मा उल्लेखित दस्तुरको पच्चीस प्रतिशतको दरले हुन आउने रकम सर्वेक्षण अनुमतिपत्र दस्तुर वापत बुझाउनु पर्नेछ ।

**१४. दरखास्त उपर जाँचबुझः** (१) नियम १३ बमोजिम दरखास्त परेपछी नियमावली बमोजिम दरखास्तवालाले दरखास्तसाथ पेश गर्नुपर्ने आवश्यक कागजात विवरण वा प्रतिवेदन पेशगरे नगरेको सम्वन्धमा गाउँपालिका जलस्रोत समितिले आवश्यक जाँचवुझ गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम जाँचवुझ गर्दा दरखास्तवालाले दरखास्तसाथ पेश गर्नुपर्ने कुनै कागजात विवरण वा प्रतिवेदन पेश गरेको रहेनछ भने त्यस्तो कागजात विवरण वा माफिको म्याद तोकी दरखास्त परेको पन्ध्र दिनभित्र सूचना दिनुपर्नेछ ।

(३) उपनियम(२) बमोजिम कुनै कागजात विवरण वा प्रतिवेदन पेश गर्न गाउँपालिका जलस्रोत समितिले म्याद तोकी सूचना दिएकोमा जुन मितिमा त्यस्तो कागजात प्राप्त हुन आउँछ सोही मितिलाई नै नियमावलीको नियम १३ को उपनियम(२)को प्रयोजनको लागि दरखास्त परेको मिति मानिनेछ ।

**१५. सर्वेक्षण अनुमतिपत्र दिनेः** नियम १३ बमोजिम परेको दरखास्त उपर नियम १४ बमोजिम गाउँपालिका जलस्रोत समितिले आवश्यक जाँचवुझ गरेपछी दरखास्तवालाको माग अनुसार वा आवश्यक भए संशोधन समेत गरी अनुसुची ४ बमोजिमको ढाँचामा दरखास्तवालालाई जलस्रोत उपयोगको सर्वेक्षण अनुमतिपत्र दिनुपर्नेछ ।

**१६.सर्वेक्षण प्रतिवेदन पेश गर्नुपर्नेः** नियम १५ बमोजिम अनुमतिपत्र प्राप्त व्यक्तिले सर्वेक्षणको काम सम्पन्न गरेको मितिले तीस दिनभित्र आफूले गरेको सर्वेक्षणको तीन प्रति प्रतिवेदन गाउँपालिका जलस्रोत समिति समक्ष पेश गर्नुपर्नेछ ।

**१७. जलस्रोत उपयोग अनुमतिः** (१) जलस्रोतको उपयोग गर्न चाहने व्यक्ति वा संगठित संस्थाले अनुसूची ५ बमोजिमको ढाँचामा प्रस्तावित परियोजनासंग सम्वन्धित देहायको विवरणहरु खुलाइ गाउपालिका जलस्रोत समिति समक्ष तीन प्रति दरखास्त फाराम दिनुपर्नेछ ।

(क) परियोजनाको विस्तृत विवरण परियोजना स्थलको नक्शाको उपयोग गरिने पानिको स्रोत, परियोजना सम्पन्न गर्न लाग्ने अनुमानित समय र लागत, परियोजनाको सहभागिहरुको नाम र तिनिहरुको संलग्नताको किसिम,परियोजनमा अन्तिम स्वामित्व रहने व्यक्ति वा संगठित संस्था तथा त्यस्तो संस्थाको सञ्चालहरुको नाम थर र वतन समेत स्पष्ट रुपमा खुलाउनु पर्दछ ।

(ख) सम्भाव्यताको विश्लेषण परियोजनाको विस्तृत नक्सा सहितको प्राविधिक विवरण तथा आर्थिक विश्लेषण र उपभोक्ताहरुको विवरण)

(ग) वित्तिय व्यवस्था (परियोजनाको अनुमानित वित्तिय व्यवस्था परियोजनाका लगानीकर्ताहरुको आर्थिक हैसियत,परियोजनामा प्रत्यक्ष रुपले सहभागि हुने वित्तिय संस्थाहरुको प्रतिवद्धता र लगानीकर्ताहरुले दायित्व तथा शेयर पुँजि र ऋणको प्रतिशत) ।

(घ) घर जग्गाको उपयोग वा प्राप्ती परियोजनाको निर्माण कार्यको लागि स्थायी वा अस्थायी तवरवाट उपयोग वा प्राप्तीको लागि चाहिने सरकारी वा गैर सरकारी जग्गाको कुल क्षेत्रफल र जग्गाधनीहरुको लगत)

(ङ) वातावरणीय प्रभाव विश्लेषण(परियोजनाले वातावरणमा पार्ने उल्लेखनीय प्रतिकुल प्रभावलाई न्यूनतम गर्न अपनाउने उपायहरु परियोजनाले सम्वन्धित क्षेत्रमा पार्न सक्ने सामाजिक तथा आर्थिक प्रभावको अतिरिक्त विद्यमान स्थानीय श्रम तथा स्रोत र साधनको उपयोग,परियोजना सम्वन्धि कार्य पुरा भएपछी त्यस क्षेत्रका व्यक्तिहरुले पाउने लाभ,निर्माण तथा सञ्चालन सम्भार सम्वन्धमा स्थानिय जनतालाई दिइने तालिम निर्माण शिविरको लागि आवश्यक पर्ने सुविधाहरु,सुरक्षात्मक व्यवस्थाहरु तथा परियोजनाहरु सञ्चालनवाट सम्वन्धित जग्गाधनिहरुलाइ पर्न सक्ने असर विस्थापित जनसंख्याको लगत र तिनीहरुको पुनर्वासको लागि अपनाउने आवश्यक व्यवस्था समेत स्पष्ट रुपमा खुलाउनु पर्छ) ।

(च) अन्य आवश्यक कुराहरु ।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएता पनि नियम १० को (२) बमोजिमको प्रयोजनका लागि उपनियम १ को( (ग),(घ),(ङ) बमोजिमको विवरण पेश गर्न अनिवार्य हुनेछैन ।

१८. दरखास्त उपर जाँचवुझः(१) नियम १७ बमोजिम दरखास्त प्राप्त भएपछी निर्देशिका बमोजिम दरखास्त साथ पेश गर्नुपर्ने आवश्यक कागजात विवरण वा प्रतिवेदन पेश गरे नगरेको सम्वन्धमा गाउँपालिका जलस्रोत समितिले आवश्यक जाँचवुझ गर्नुपर्ने हुन्छ ।

(२) उपनियम(१) बमोजिम जाँचबुझ गर्दा दरखास्तवालाले दरखास्त साथ पेश गर्नुपर्ने कुनै कागजात विवरण नपुगेमा गाउँपालिका जलस्रोत समितिले सम्वन्धित दरखास्तवालालाई मनासिव माफिकको म्याद तोकी दरखास्त दर्ता भएको तिस दिन भित्र सो कुराको सूचना दिनु पर्नेछ ।

(३) उपनियम(२) बमोजिम कुनै कागजात विवरण वा प्रतिवेदन पेश गर्न गाउँपालिका जलस्रोत समितिले म्याद तोकी सूचना दिएकोमा जुन मितिमा त्यस्तो कागजात प्राप्त हुन आउँछ सोही मितिलाई नै नियमावलीको उपनियम(२) प्रयोजनको लागि दरखास्त परेको मिति मानिनेछ ।

१९.सार्वजनिक सूचना प्रकाशित गर्नुपर्नेः(१) नियम १७ बमोजिम जलस्रोतको उपयोग अनुमतिपत्रको लागि दरखास्त परेपछी गाउँपालिका जलस्रोत समितिले नियम १८ बमोजिम आवश्यक जाँचवुझ गरी तत्सम्वन्धि विवरणहरु खुलाई सार्वजनिक जानकारीको लागि सूचना प्रकाशित गर्नुपर्नेछ ।

(२) उपनियम(१) बमोजिम सूचना प्रकाशित भएपछी जलस्रोतको उपयोग संग सम्वन्धित परियोजनाको निर्माण तथा सञ्चालन गर्दा कुनै उल्लेखनिय प्रतिकुल असर पर्ने भएमा तत्सम्वन्धि विवरणहरु खुलाइ सूचना प्रकाशित भएको मितिले पैतिस दिनभित्र सम्वन्धित गाउँपालिका जलस्रोत समिति समक्ष जोसुकैले पनि जानकारी दिन सक्नेछ ।

(३) उपनियम(२) बमोजिम प्राप्त हुन आएको प्रतिक्रिया समेतलाई विचार गरी गाउँपालिका जलस्रोत समितिले त्यस्तो उल्लेखनीय प्रतिकुल असर न्यूनतम गर्ने सम्वन्धमा सम्वन्धित दरखास्तवालाले पालना गर्नुपर्ने कुराहरु अनुमतिपत्र दिँदा तोकी दिनेछ ।

२०.अनुमतिपत्र दिनेःनियम १७ बमोजिमको दरखास्त उपनियम १९ बमोजिमको कार्यविधि पूरा गरी गराई गाउँपालिका जलस्रोत समितिले दरखास्तवालाको माग

बमोजिम वा आवश्यक भए संशोधन समेत गरी अनुसुची ६ ढाँचामा दरखास्तवालालाई जलस्रोत उपयोग सम्वन्धी अनुमतिपत्र दिनुपर्नेछ ।

**२१. सर्भेक्षण अनुमति पत्र प्राप्त व्यक्तिलाई परियोजना सञ्चालन गर्न अनुमतिपत्र प्रदान गरिने**:(१) नियम १५ बमोजिम सर्वेक्षणको अनुमति प्राप्त व्यक्तिले आफुले गरेको सर्वेक्षण बमोजिम जलस्रोत उपयोग सम्वन्धि कार्य पनि गर्नचाहेमा सर्वेक्षण कार्य पूरा गर्नुपर्ने म्याद भित्रै नियम १७ बमोजिमका विवरणहरु खुलाइ दरखास्त दिएमा यस निर्देशिकाको अन्य व्यवस्थाहरुको अधिनमा रही दरखास्तवालालाई प्राथमिकताका साथ नियम २० बमोजिम जलस्रोत उपयोगको अनुमति पत्र दिन सकिनेछ ।

**२२. जलस्रोत माथि अधिकार कायम हुने**:यस नियमावली बमोजिम जलस्रोतको उपयोग सम्वन्धि कार्य सञ्चालन गर्न अनुमतिपत्र प्राप्त व्यक्तिलाई अनुमतिपत्रमा उल्लेख भए बमोजिम कामको लागि सोहि अनुमतिपत्रमा तोकिएको स्थान र क्षेत्रसम्म जलस्रोतको उपयोग गर्ने अधिकार प्राप्त हुनेछ ।

**२३. कार्य शुरु गर्नुपर्ने अवधि**:(१)अनुमतिपत्र प्राप्त व्यक्तिले अनुमतिपत्रमा उल्लेखित कार्य अनुमतिपत्र प्राप्त गरेको मितिले सर्वेक्षणको हकमा तीन महिना भित्र र जलस्रोतको उपयोग सम्वन्धि कार्य सञ्चालनको हकमा एकवर्ष भित्र भौतिक रुपमा कार्य शुरु गरी सोको जानकारी सम्वन्धित गाउँपालिका जलस्रोत समितिलाई दिनुपर्नेछ ।तर म्याद भित्र कार्य शुरु गर्न नसकेको कारण खोली अनुमतिपत्र प्राप्त व्यक्तिले निवेदन दिएमा गाउँपालिका जलस्रोत समितिले त्यस्तो कारण उचित र यथेष्ट देखेमा म्याद थप गर्न सक्नेछ ।

(२) उपनियम (१) बमोजिम कार्य शुरु भएपछी प्रत्येक ६ महिनामा भएको कामको प्रगती विवरण अनुमतिपत्र प्राप्त व्यक्ति वा संस्थाले सर्वेक्षण वा निर्माण कार्य सम्पन्न नभए सम्म गाउँपालिका जलस्रोत समिति समक्ष पठाउनुपर्नेछ ।

**२४. नयाँ अनुमतिपत्र लिनुपर्ने**:(१)नियमावली प्रारम्भ हुनुअगावै देखि जलस्रोतको उपयोग गरिरहेको व्यक्ति वा संगठित संस्थाले पनि नियम १७ मा उल्लेखित विवरणहरु खुलाइ नियमावली प्रारम्भ भएको मितिले एक वर्ष भित्र गाउँपालिका जलस्रोत उपयोगको अनुमतिपत्रको लागि दरखास्त पेश गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम पर्न आएको दरखास्त उपर गाउँपालिका जलस्रोत समितिले आवश्यक जाँचवुझ गरी दरखास्तवालालाइ अनुसूची ७ बमोजिमको ढाँचामा अनुमतिपत्र दिनेछ ।

२५. **अनुमतिपत्र दस्तुरः**यो नियमावली बमोजिमको जलस्रोतको उपयोग सम्वन्धि कार्य सञ्चालन गर्न अनुमतिपत्रको लागि दरखास्त दिँदा आर्थिक ऐनमा उल्लेख भएमा सोही अनुसार र नभएमा  अनुसूची ८ मा तोकिए बमोजिमको अनुमतिपत्र दरखास्त बझाउनु पर्नेछ ।

२६. **अनुमतिपत्र नवीकरण गर्नेः**(१) यो नियमावली वमोजिम जलस्रोतको उपयोग सम्वन्धि कार्य सञ्चालन गर्न अनुमतिपत्रको लागि दरखास्त दिँदा नवीकरण दस्तुर लाग्नेछ ।

(२) प्रत्येक वर्ष अनुमतिपत्र नवीकरण गराउँदा आर्थिक ऐनमा उल्लेख भएमा सोही अनुसार र नभएमा अनुसूची ८मा तोकिएको दस्तुरको पचास प्रतिशत नवीकरण दस्तुर लाग्नेछ ।

२७. **अनुमतिपत्र विक्रि तथा हस्तान्तरण गर्न स्वीकृति लिनुपर्नेः**(१) अनुमतिपत्र प्राप्त व्यक्तिले आपनो अनुमतिपत्र विक्रि गर्न वा कुनै प्रकारले कसैलाई हस्तान्तरण गर्नु परेमा सम्वन्धित गाउँपालिका जलस्रोत समिति समक्ष निवेदन दिनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम प्राप्त भएको निवेदन उपर गाउँपालिका जलस्रोत समितिले आवश्यक जाँचवुझ गरी दरखास्तवालाको नाउँमा रहेको अनुमतिपत्र अन्य व्यक्ति वा संगठित संस्थाको नाउँमा विक्रि गर्न वा अन्य कुनै प्रकारले हस्तान्तरण गर्न स्वीकृति दिन सक्नेछ ।

२८.**जलविद्युत्तको लागि जलस्रोतको उपयोगः**(१) नियम ११ मा जुनसुकै कुरा लेखिएको भएता पनि जलविद्यत्त उत्पादन गर्नको लागि जलस्रोतको सर्वेक्षण तथा उपयोग गर्ने अनुमतिपत्रको सम्वन्धमा प्रचलित कानुन बमोजिम हुनेछ।

(२) जलविद्युत्त उत्पादन गर्ने सिलसिलामा जलस्रोतको उपयोग सम्वन्धि अन्य व्यवस्था यस नियमावली वमोजिम हुनेछन ।

२९.**गाउँपालिकाले जलस्रोतको उपयोग वा विकास गर्न सक्नेः**(१)गाउँपालिका आफैले कुनै जलस्रोतको उपयोग वा विकास गर्न यस ऐनको कुनै व्यवस्थाले बाधा पुर्याएको मानिने छैन ।

(२) कसैले यस ऐन बमोजिम उपयोग गरेको जलस्रोत र सो संग सम्वन्धित जग्गा,भवन,उपकरण तथा संरचना व्यापक सार्वजनिक उपयोगका लागि गाउँपालिकाले आफुले लिई विकास गर्न सक्नेछ ।

(३) उपनियम(२) बमोजिम आफुले लिएको जलस्रोतको उपयोग गर्दा सम्वन्धित जग्गा भवन वा संरचना वापत गाउँपालिकाले सम्वन्धित व्यक्तिलाई तोकिए बमोजिम क्षतिपूर्ति दिनेछ ।

(४) उपनियम(३) बमोजिम दिइने क्षतिपूर्तिको रकम उपनियम(२)बमोजिम नेपाल सरकार,प्रदेश सरकार,गाउँपालिकाले लिएको जग्गा भवन उपकरण तथा संरचनाको वर्तमान मूल्य त्यसमा भएको टुटफुट र साधारण प्रयोगवाट भएको ह्रास कटाईको आधारमा निर्धारित गरिने छ ।

३०. गाउँपालिका जलस्रोत समितिको गठनः(१) गाउँपालिका भित्र रहेको जलस्रोतको उपयोगको लागि नियमावली को नियम ४को उपनियम(१) बमोजिम अनुमतिपत्र प्रदान गर्ने प्रयोजनको लागि गाउँपालिकामा देहाय बमोजिम गाउँपालिका जलस्रोत समिति रहनेछ ।

(क)गाउपालिका प्रमुख अध्यक्ष

(ख)गाउपालिका उप प्रमुख सदस्य

(ग) वातावरण तथा विपद व्यवस्थापन समिति महिला सदस्य सदस्य

(घ) पुर्वाधार शाखा प्रमुख सदस्य

(ङ)कृषि शाखा प्रमुख सदस्य

(च) खानेपानी, सरसफाइ तथा स्वच्छता क्षेत्रमा कार्यरत कर्मचारी सदस्य

(छ) प्रमुख प्रशासकीय अधिकृ सदस्य सचिव

३१. गाउँपालिका जलस्रोत समितिको बैठक सम्वन्धी कार्यविधिः(१) गाउँपालिका जलस्रोत समितिको वैठक अध्यक्षले तोकेको समय ,मिति र स्थानमा वस्नेछ ।

(२) बैठकककाे अध्यक्षता गाउँपालिका जलस्रोत समितिको अध्यक्षले गर्नेछ । अध्यक्षको अनुपस्थितिमा गाउँपालिका जलस्रोत समितिको सदस्यहरुले आफू मध्येवाट छानेको व्यक्तिले बैठकको अध्यक्षता गर्नेछ ।

(३) गाउँपालिका जलस्रोत समितिको कुल सदस्य संख्याको पचास प्रतिशत सदस्य उपस्थित भएमा बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ ।

(४) गाउँपालिका जलस्रोत समितिमा कुनै विषयमा छलफल भई मतदान हुँदा उपस्थित सदस्य संख्याको दुइतिहाइ सदस्यहरुको मतलाई गाउँपालिका जलस्रोत समितिको निर्णय मानिनेछ ।

(५) गाउँपालिका जलस्रोत समितिको निर्णय र सद्विचारधारा प्रमाणित गरिनेछ।

(६) गाउँपालिका जलस्रोत समितिको वैठक सम्वन्धी अन्य कार्यविधि गाउँपालिका जलस्रोत समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

**३२. गाउँपालिका जलस्रोत समितिको सचिवालय:**गाउँपालिका जलस्रोत समितिको सचिवालय प्रमुख प्रशासकीय अधिकृतको कार्यालयमा रहनेछ ।

**३३. जलस्रोत विकासको परियोजना हस्तान्तरण गर्न सक्ने:**(१) गाउँपालिकाले नियम ११ को उपनियम(१) वा (२) बमोजिम विकास गरेको कुनै जलस्रोत सम्वन्धि परियोजनाको निर्माण समाप्त भइसकेपछी आवश्यक शर्तहरु तोकी हस्तान्तरण गर्न सक्नेछ ।

(२) उपनियम (१) बमोजिम हस्तान्तरण गरिएको परियोजना उपरको स्वामित्व सम्वन्धीत उपभोक्ता संस्थाको हुनेछ र यस ऐनको अधिनमा रही आफुले अनुमति प्राप्त गरे सरह सो परियोजनाको सञ्चालन सम्वन्धित उपभोक्ता संस्थाले गर्नेछ ।

**३४. जलस्रोत उपयोगको लागि करार गर्न सक्ने:**यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि गाउँपालिकाले कुनै स्वदेशी वा विदेशी कम्पनी संगठित संस्था वा व्यक्ति सित प्रचलित कानुनको अधिनमा रही करार गरी सोही करारमा उल्लेखित शर्तहरु बमोजिम जलस्रोतको उपयोग र सेवा विस्तार गर्न गराउन सक्नेछ

**३५. सेवा उपभोगका शर्तहरु तोक्न र सेवा शुल्क असुल उपर गर्न पाउने:**(१) अनुमति प्राप्त व्यक्ति वा संस्थाले आफुले विकास गरेको जलस्रोतको उपयोगको सेवा अन्य कसैलाई आपसी शर्तको आधारमा उपलब्ध गराउन र त्यस्तो सेवा वापतशुल्क असुल उपर गर्नसक्ने छ ।

(२)गाउँपालिकाले विकास गरेको जलस्रोतको उपयोगको सेवा अन्य कसैलाई उपलव्ध गराए वापतको सेवा शल्क आर्थिक ऐनमा उल्लेख भएमा सोही अनुसार नभएमा अनुसूची ९ मा तोकिए बमोजिम असुलउपर गर्न सक्नेछ ।

**३६. सेवा रोक्न सक्नेः**सेवा उपभोग गरेवापत बुझाउनुपर्ने शुल्क नबुझाउने वा त्यस्तो सेवा अनाधिकार रुपले उपयोग गर्ने वा सेवा दुरुपयोग गर्ने वा शर्त विपरित सेवा उपभोग गर्नेको हकमा त्यस्तो सेवा बन्द गर्न सकिनेछ ।

**३७. अरुको घरजग्गामा प्रवेश गर्न सक्नेः**गाउँपालिका वा अनुमति प्राप्त व्यक्तिले जलस्रोतको सर्भेक्षण वा उपयोगको सिलसिलामा कसैको घरजग्गामा प्रवेश गर्नु परेमा गाउँपालिका वा अनुमति प्राप्त व्यक्तिले खटाएको कर्मचारीले सम्वन्धित व्यक्तिलाई पूर्व सुचना दिएर मात्र त्यस्तो घरजग्गामा प्रवेश गर्न सक्नेछ । त्यसरी प्रवेश गर्दा कुनै हानिनोक्सानी हुन गएमा गाउँपालिका वा अनुमति प्राप्त व्यक्तिले तोकिए वमोजिम क्षतिपुर्ति दिनुपर्नेछ । तर कुनै घरजग्गामा जलस्रोतको अनधिकृत उपयोग वा दुरुपयोग गरीरहेको शंका लागेमा मनासिव माफिकको कारण भएमा सो कुराको जाचँवुझ गर्न वा कुनै दुर्घटनाबाट बचाउन पुर्व सूचना विना पनि त्यस्तो कर्मचारीले सम्वन्धित घरजग्गामा प्रवेश गर्न सक्नेछ ।

**३८.जलस्रोतको उपयोगसंग सम्वधित संरचनाको सुरक्षाः** (१) जलस्रोत उपयोगितासंग सम्वन्धित कुनै संरचनाको सुरक्षाको लागि अनुमति प्राप्त व्यक्तिको अनुरोधमा वा स्वयं व्यक्तिले आवश्यक ठानेमा गाउँपालिकाले सुरक्षा प्रवन्ध गर्न सक्नेछ ।

(२) उपनियम (१) बमोजिम अनुमति प्राप्त व्यक्तिको अनुरोधमा सुरक्षा प्रवन्ध गरिएकोमा त्यसको लागि लाग्ने सम्पूर्ण खर्च अनुमति प्राप्त व्यक्तिले व्यहोर्ने छ ।

**३९.जलस्रोत प्रदुषित गर्न नहुनेः**(१) गाउँपालिकाको राजपत्रमा सूचना प्रकाशित गरी जलस्रोतको प्रदुषण सहन सिमा तोक्न सक्नेछ ।

(२) उपनियम (१) बमोजिम तोकिएको जलस्रोतको प्रदुषण सहन सीमा नाघ्ने गरी कसैलाई पनि कुनै किसिमको फोहरमैला,औद्योगिक निकास,विष,रसायनिक वा विषालु पदार्थ हाली वा प्रयोग गरी जलस्रोत दुषित गर्न हुदैन ।

(३) जलस्रोत प्रदुषित भए नभएको वा कुनै जलस्रोत यपयोगको सम्वन्धमा नियम ३९ को उपनियम(१) बमोजिम तोकिएको गुणस्तर भए नभएको सम्वन्धमा तोकिएको अधिकारीले आवश्यक्ता अनुसार परीक्षण गर्न गराउन सक्नेछ ।

**४०. वातावरणमा उल्लेखनिय प्रतिकुल असर पार्न नहुने:**जलस्रोत उपयोग गर्दा भूक्षय हुने बाढी पहिरो वा यस्तै अरु कारण द्धारा वातावरणमा उल्लेखनिय प्रतिकुल असर नपर्ने गरी गर्नुपर्नेछ ।

**४१. अनुमति खारेज गर्न सकिने:**(१) अनुमति प्राप्त व्यक्तिले यो नियमावली वा नियमावली अन्तर्गत बनेका अन्य कार्यविधि,निर्देशिका विपरित कुनै काम गरेमा तोकिएको अधिकारीले अवधि तोकी त्यस्तो काममा आवश्यक सुधार गर्न आदेश दिन सक्नेछ ।

(२) उपनियम (१) बमोजिम तोकिएको अवधिभित्र अनुमति प्राप्त व्यक्तिले आवश्यक सुधार नगरेमा तोकिएको अधिकारीले त्यस्तो व्यक्तिले पाएको अनुमतिपत्र खारेज गर्न सक्नेछ ।

(३) उपनियम(२) बमोजिम अनुमति खारेज गर्न अघि तोकिएको अधिकारीले सम्वन्धित अनुमतिपत्र प्राप्त व्यक्ति लाई मनासिव सफाई पेश गर्ने मौका दिनुपर्ने छ ।

(४) कुनै जलस्रोत प्रदुषित भए नभएको वा कुनै जलस्रोतको उपयोगको सम्वन्धमा ऐनको दफा ३९ उपनियम(१) बमोजिम गुणस्तर भए नभएको परिक्षण गर्ने गराउने अधिकार गाउँपालिका जलस्रोत समितिले तोकेको अधिकारीलाई हुनेछ ।

(५) उपनियम (१),(२) र (३) बमोजिम सजाय गर्ने अधिकार गाउँपालिका जलस्रोत समिति वा समितिले तोकेको अधिकारीलाई हुनेछ ।

## परिच्छेद ५
## जलस्रोत उपयोग विवाद सम्वन्धी जाँचबुझ

**४२. जलस्रोत उपयोग जाँचवुझ समिति:**(१) जलस्रोत उपयोग गर्दा कुनै विवाद उत्पन्न भएमा त्यस्तो विवाद समाधानको लागि देहायबमोजिमको एक जलस्रोत उपयोग तथा जाँचवुझ समिति रहनेछ ।

(क)प्रतिनिधि,वातावरण तथा विपद व्यवस्थापन समिति अध्यक्ष

(ख)सम्वन्धित वडा अध्यक्ष वा निजले तोकेको सदस्य सदस्य

(ग) प्रतिनिधि, योजना शाखा सदस्य

(२) दुई वा दुई भन्दा बढी वडाहरुविच जलस्रोत उपयोग सम्वन्धि विवाद उत्पन्न भएमा उपनियम (१)को (ख) बमोजिम विवाद संग सम्वन्धित प्रत्येक वडा समितिको १।१ जना प्रतिनिधि रहनेछन् ।

(३) उपनियम( (१) बमोजिमको जलस्रोत उपयोग जाँचवुझ समितिले जलस्रोत उपयोगमा उत्पन्न विवाद समाधान गर्दा छुट्टै कार्यविधि तर्जुमा नभएसम्म विवादको निरुपण गर्दा देहायको कार्यविधि अपनाउनेछ ।

(क) जलस्रोत उपयोगबाट लाभान्वितहुने स्थानिय व्यक्तिहरु वाहेक जलस्रोत उपयोगको प्राथमिकता निर्धारण वा जलस्रोत सम्वन्धि कुनै परियोजना संचालनबाट स्थानिय व्यक्तिहरु लाई पर्न जाने मर्काको सम्वन्धमा विवाद उठेमा सम्वन्धित अनुमति प्राप्त व्यक्ति,संगठित संस्था तथा स्थानिय व्यक्तिहरुलाई छुट्टा छुट्टै वा सामुहिक रुपमा आफ्नो दावी पुष्टयाई हुने तथ्यहरु उल्लेख गरी जानकारी पेश गर्न मनासिव माफिकको म्याद तोकिदिनुपर्ने छ ।

(ख) खण्ड (क) बमोजिम तोकिएको म्यादभित्र लिखित जानकारी प्राप्त भएपछी परियोजना स्थल समेतको स्थलगत अध्ययन गरी मुख्यतया:देहायको बिषयमा जानकारी लिनुपर्नेछ ।

(अ) परियोजनाको कुल खर्च

(आ) परियोजनाबाट हुने फाईदाको स्तर

(इ) आयोजना संचालन गर्दा सम्वन्धित जलस्रोत उपयोग गरिरहेका व्यक्ति वा समुहलाई पर्न सक्ने असर

(ई) परियोजनाबाट लाभान्वितहुने उपभोक्ताको संख्या

(उ) परियोजना संचालन गर्दा वातावरणमा पर्ने प्रभाव

(ऊ) स्थानीय जनताको आवश्यक्ता

(ए) परियोजनाबाट लाभान्वित हुने उपभोक्ताहरुको प्रतिक्रिया

(ऐ) अन्य आवश्यक कुराहरु

(ग) खण्ड (ख) मा उल्लेख भएका विषयहरुमा जानकारी प्राप्त गरेपछी सोको आधारमा जलस्रोत लाभदायक उययोग भए नभएको र सो जलस्रोत पाउने नपाउने कुराको निर्धारण गर्नुपर्नेछ ।

(घ) उपनियम (३)को खण्ड (ग) बमोजिम जलस्रोतको उपयोग सम्वन्धी कुराको निर्धारण गर्दा जलस्रोत उपयोग जाँचवुझ समितिले शर्तहरु समेत तोक्न सक्नेछ ।

## परिच्छेद ६

## सेवा शुल्क सम्वन्धी

४३. वार्षिक शुल्कः अनुमतिपत्र प्राप्त व्यक्तिले जलस्रोत उपयोग गरी अन्य व्यक्तिहरुलाई व्यापारिक प्रयोजनको लागि सेवा उपलब्ध गराए वापत गाउँपालिकालाई बभ्ञाउनुपर्ने वार्षिक शुल्क अनुसूची ९ मा तोकिए बमोजिम हुने छ ।

४४. **सेवा शुल्क निर्धारण समिति** :(१) गाउपालिकाले गरेको जलश्रोत उपयोग को सेवा शुल्क निर्धारण गर्न, निर्धारित समयभित्र सेवा शुल्क नबुझाउने उपभोक्ता लाइ अतिरिक्त शुल्कको दर निर्धारण गर्न देहाय बमोजिमको सेवा शुल्क निर्धारण समिति रहनेछ । समितिले निर्धारण गरेको शुल्क प्रत्येक आ.ब.मा आथिक ऐन मा समावेस भइ पारित भएपछि मात्रै लागु हुनेछ ।

(क) गाउपालिकाले तोकेको कार्यपालिकाको सदस्य अध्यक्ष

(ख) उपभोक्ता मध्येबाट गाउपालिकाले तोकेको व्यक्ति सदस्य

(ग) गाउपालिकाको सम्बन्धित शाखा हेर्ने कर्मचारी सदस्य सचिव

(२) सेवा शुल्क निर्धारण समितिको बैठक कार्यबिधि समितिले स्वयम् निर्धारण गर्न सक्ने छ ।

(३) उपनियम (१) बमोजिम सेवा शुल्म निर्धारण समितिले सेवा शुल्क तोक्दा ह्रास कट्ट्री दर, उपयुक्त लाभ, संरचना को प्रकृति, उपभोक्ता मुल्य सुचिको परिवर्तन जस्ता कुराहरुको आधारमा सेवा शुल्क निर्धारण गर्नेछ

४५. **सेवा शुल्क बुझाउनु पर्ने** : जलश्रोत उपयोगबाट उपलब्ध सेवा उपयोग गर्ने उपभोक्ताहरुले सेवा उपयोग गरेवाफत नियम ४४ को उपनियम ३ बमोजिम निर्धारित सेवा शुल्क बुझाउनु निजहरुको दायित्व हुनेछ ।

## परिच्छेद७
## घरजग्गा प्राप्ति तथा क्षतिपूर्ति सम्बन्धि व्यवस्था

४६. **निवेदन दिनुपर्नेः** नियमावलीको नियम १० को उपनियम (१) बमोजिम जलश्रोत उपयोगको लागि कसैको घरजग्गा उपयोग गर्न वा प्राप्त गर्न आवश्यक परेमा अनुमतिप्रात व्यक्तिले गाउपालिका समक्ष अनुसुचि १० वमोजिम को ढाँचामा निवेदन दिनुपर्नेछ ।

४७. **परियोजना स्थल वरिपरिको जग्गा प्रयोग गर्न निषेध गर्न सक्ने** : (१) नियम १० को उपनियम (३) को प्रयोजन को लागि गाउपालिकाले जलश्रोत को उपयोग सम्वन्धी परियोजना को किसीम, बनोट , क्षमता आदि कुरा लाइ ध्यानमा राखि त्यस्तो परियोजना भित्रका घर जग्गा कुनै खास काम को लागि अरुकसैले प्रयोग गर्न नपाउने गरि निश्चित दुरी तोकि निषेध गर्न सक्नेछ ।

(२) उपनियम (१) बमोजिम निषेध गरिएको सुचना गाउपालिकाले सर्वसाधारणको जानकारिको लागि प्रकाशित गरि सम्वन्धित परियोजना क्षेत्रको मुख्य मुख्य ठाउँ , परियोजना कार्यालय , सम्बन्धित वडा वा गाउपालिका लगायत अन्य सम्बन्धित कार्यालयमा समेत टाँस्न लगाउनु पर्नेछ ।

४८. **क्षतिपुर्ति दिइने** : (१) नियम ४६ बमोजिम घरजग्गा प्रयोग निषेध गरिएको कारणबाट सम्बन्धित व्यक्तिलाई भएको हानि नोक्सानी वाफत दिइने क्षतिपुर्तिको रकम नियम ४८ को उपनियम (२) बमोजिम गठित क्षतिपुर्ति निर्धारण समितिले निर्णय गरे बमोजिम हुनेछ ।

(२) घरजग्गा को प्रयोगमा थप बन्देज लगाउनु पर्ने अवस्था परेमा बाहेक उपनियम १ बमोजिम दिइने क्षतिपुर्तिको रकम सम्बन्धित व्यक्तिलाई एकैपटक मात्र दिइने छ ।

४९. **क्षतिर्पुति निर्धारण समिति** : (१) नियमावलीको नियम ४८ को उप नियम (२) बमोजिम क्षतिर्पुति को रकम निर्धारण गर्न देहाय बमोजिम को क्षतिर्पुति निर्धारण समिति रहने छ ।

| | |
|---|---|
| (क) गाउपालिकाले तोकेको कार्यपालिका सदस्य | अध्यक्ष |
| (ख) जलश्रोत उपयोग परियोजना संग सम्बन्धित कार्यालयको प्रतिनिधी | सदस्य |
| (ग) गाउपालिकाले तोकेको जलश्रोत बिज्ञ | सदस्य |
| (घ) हानि नोक्सानी भएको सम्पतिको धनि वा निजको प्रतिनिधी | सदस्य |
| (ङ)मालपोत शाखाको प्रतिनिधी | सदस्य |
| (च) क्षतिभएको वडाको वडाध्यक्ष वा निजले तोकेको प्रतिनिधी | सदस्य |

(२) उपनियम (१) बमोजिमको क्षतिपुर्ति निर्धारण समितिले क्षतिपुर्तिको रकम निर्धाण गर्दा प्रत्यक्ष रुपमा वास्तबिक हानि नोक्सानिको मुल्यांकन गरि निर्धारण गर्नुपर्नेछ ।

(३) क्षतिपुर्ति निर्धारण समितिको बैठक सम्बन्धित कार्यबिधि समिति आफैले निर्धारण गर्न सक्नेछ ।

## परिच्छेद ८

## विविधः

**५०.सहयोग पुर्याउनु पर्नेः** आपनो कार्यक्रम सम्पादनको सिलसिलामा गाउँपालिका जलस्रोत समितिले जलस्रोतसंगसम्वन्धित निकायवाट आवश्यकता अनुसारका तथ्याकंहरु माग गर्न सक्नेछ र माग भएका तथ्याकंहरु उपलब्ध गराउनु सम्वन्धित निकायको कर्तव्य हुनेछ ।

**५१.दुर्घटनाको सुचनाः**(१) अनुमतिपत्र प्राप्त व्यक्तिले जलस्रोतको उपयोग सम्वन्धि कुनै काम गर्दा कुनै प्रकारले दुर्घटना वा नोक्सानी भएमा गाउँपालिका जलस्रोत समितिलाई तुरुन्त सूचना दिनुपर्नेछ ।

(२) उपनियम(१) बमोजिमको सुचना प्राप्त भएपछी त्यस्तो दुर्घटनाको कारण पत्ता लगाउन गाउँपालिका जलस्रोत समितिले आवश्यक निरिक्षण गर्न गराउन सक्नेछ र प्राविधिक दृष्टिकोणवाट त्यस्तो दुर्घटना नदोहरिन अपनाउनुपर्ने सुरक्षात्मक व्यवस्थागर्न अनुमति प्राप्त व्यक्तिलाई आदेश पालना गर्नु सम्वन्धित अनुमति प्राप्त व्यक्तिको कर्तव्य हुनेछ।

**५२.गाउँपालिकाले निर्देशन दिन सक्नेः**गाउँपालिकाले जलस्रोतको उपयोग सम्वन्धमा गाउँपालिका जलस्रोत समितिलाई आवश्यक निर्देशन दिन सक्नेछ ।यस्तो निर्देशनको पालनागर्नु गाउँपालिका जलस्रोत समितिको कर्तव्य हुनेछ ।

**५३.दण्ड सजायः**(१) कसैले यो नियमावली वा यस अर्न्तगत वनेका अन्य कार्यविधि वा निर्देशिकाको उल्लघंन गरेमा निजलाई तोकिएको अधिकारीले पाँच हजार रुपैया सम्म जरिवाना गर्न सक्नेछ र त्यस्तो कसुरवाट हानिनोक्सानी रहेछ भने निजवाट त्यस्तै हानी नोक्सानी वापतको क्षतीपुर्ति भराइदिन सक्नेछ ।

(२) कसैले यस नियमावली वमोजिम अनुमतिपत्र लिनुपर्नेमा सो नलिइ वा अनुमतिपत्रमा उल्लेख भएका शर्तहरु पालना नगरी जलस्रोतको उपयोग गरेमा निजलाई तोकिएको अधिकारीले पाँचहजार रुपैया सम्म जरिवाना र त्यस्तो काम वन्द गराउन सक्नेछ ।

(३) यस नियमावली वमोजिम विकास गरिएको जलस्रोत वा त्यस्तो जलस्रोत वाट उत्पन्न सेवा कसैले चोरीगरेमा वा दुरुपयोग गरेमा वा अनाधिकार प्रयोग गरेमा

तोकिएको अधिकारले निजवाट विगो असुल गरी निजलाई विगो वमोजिमको जरिवाना समेत गर्नसक्नेछ ।

(४) कसैले वदनियत साथ कुनै खानेपानीको मुहान,वाँध,नहर वा जलस्रोतको उपयोग संग सम्वन्धित कुनै संरचना वा त्यस्तो संरचनामा असर पर्ने अन्य कुनै संरचना भत्काएमा, विगारेमा वा कुनै किसिमले हानिनोक्सानी पुर्याएमा वा त्यस्तो काम गर्ने उद्योग गरेमा निजवाट हानिनोक्सानीको विगो असुल गरी निजलाइ प्रचलितकानुन वमोजिम जरिवाना,कैद वा दुवै सजाय हुनेछ ।

**५४.पूनरावेदन:**नियम ५३ वमोजिम दिएको क्षतीपूर्तिको रकममा वा नियम ४१ वमोजिम तोकिएको अधिकारले अनुमतिपत्र खारेज गरेकोमा वा नियम ५३ को उपनियम(१),(२) वा (३) वमोजिम तोकिएको अधिकारीले दिएको सजायको आदेशमा चित्त नवुझ्ने व्यक्तिले ३५ दिन भित्र पुनरावेदन अदालतमा पुनरावेदन दिन सक्नेछ

**५५.अनुसूचीमा थपघट वा हेरफेर गर्न सक्ने:**गाउँपालिकाको राजपत्रमा सूचना प्रकाशित गरी यस नियमावलीको अनुसुचिमा आवश्यक्ता अनुसार हेरफेर वा थपघट गर्न सक्नेछ ।

**५६. अरुको घर जग्गाको उपयोग वा प्राप्ति:**(१) जलस्रोतको उपयोगको लागि देहायको कुनै काम गर्न अरु कसैको घरजग्गा उपयोग गर्न वा प्राप्त गर्न आवश्यक परेमा अनुमतिपत्र प्राप्त व्यक्तिले गाउँपालिका समक्ष तोकिए वमोजिम निवेदन दिन सक्नेछ ।

(क) वाँध वा तटवन्ध वाँध्न

(ख) नहर,कुलो वा सुरुङ खन्न

(ग) जमिन मुनी वा माथि पानीको ट्याङ्की वनाउन वा पाइप लाइन विछ्याउन ।

(घ) पोखरी वनाउन वा जलवितरण केन्द्र स्थापना गर्न

(ङ) जलस्रोतको विकास संग सम्वन्धित अरु आवश्यक निर्माण कार्यगर्न

(२) उपनियम (१) वमोजिम निवेदन प्राप्त भएमा गाउपालिका ले आवश्यक जाँचवुझ गरी प्रचलित कानुन वमोजिम संगठित संस्थालाई सो सरह अनुमतिपत्र प्राप्त व्यक्ति लाइ त्यस्तो घर जग्गा प्राप्त गराइदिन सक्नेछ

**५७.कार्यविधि वा निर्देशिका बनाउन सकिने:**नियमावलीको प्रभावकारी कार्यान्वययनका लागि देहायका क्षेत्रमा कार्यविधि तथा निर्देशिका वनाइ लागु गर्न सकिनेछ ।

(क) खानेपानी,सिचाइ,जल,यातायात, औद्योगिक उपयोग,आमोद प्रमोद सम्वन्धि उपयोग र जलस्रोतको यस्तै अन्य उपयोग ।

(ख) जलस्रोत संरक्षण,वाढी नियन्त्रण,पहिरो रोकथाम

(ग) वातावरण संरक्षण

(घ) जलस्रोत उपयोग गरेवापत गाउँपालिका लाइ वुझाउनु पर्ने शुल्क,दस्तुर सम्वन्धि

(ङ) जलस्रोत उपयोगका विभिन्न तरिकाहरु

(च) जलस्रोतको प्रदुषण रोक्ने विषयहरु

(छ) जलस्रोत उपयोग सम्वन्धि सेवाको स्तर निर्धारण

(ज) जलस्रोत उपयोग वाट हुनसक्ने दुर्घटना र त्यसको जाँचवुझ तथा क्षतिपुर्ति

(झ) उपभोक्ता संस्था समिति र उपभोक्ता सम्वन्धि अन्य व्यवस्थाको साथै उपभोक्ताहरुको हितसंरक्षण र सुविधा दिने विषयहरु ।

(ञ) जलस्रोतको विकास तथा उपयोग सम्वन्धि अन्य कुराहरु

**५८. खारेजी तथा वचाउ :** यो नियमावलीका कुनै नियम उपनियम वा खण्ड प्रचलित संघिय तथा प्रादेशिक कानुन संग वाझिएको खण्डमा स्वतः खारेजहुनेछन भने नियमावली प्रारम्भ हुनु भन्दा अघिका कानुन वमोजिम गरिएका कामकारवाही यसै नियमावली अनुसार भए गरेको मानिनेछ ।

**अनुसूची -१**

**(नियम ५ संग सम्बन्धित )**

**निबेदन पत्रको ढाचा**

श्री अध्यक्ष ज्यु,

..........................................जलश्रोत समिति

पञ्चेश्वर गाउँपालिका , आम्चौरा ।

महोदय,

हामीले ....................................................उपभोक्ता संस्था गठन गरि दर्ता गराउन चाहेकोले पञ्चेश्वर गाउँपालिकाको जलश्रोत नियमावली २०७६ को नियम ५ वमोजिम उपभोक्ता संस्था दर्ता गराउन देहायको बिवरण खुलाइ प्रस्ताबित उपभोक्ता संस्थाको एक प्रति बिधान र एक सय रुपौया दस्तुर सहित दरखास्त दिएकाछौं ।

**विवरण:**

१. उपभोक्ता समितिको नाम :

२. कार्यक्षेत्र:

३. उद्धेश्य:

(क)

(ख)

(ग)

४. सदस्यहरुको नाम:ठेगाना:पेशा:

(क)

(ख)

(ग)

(घ)

(ङ)

(च)

(छ)

५. उपयोग गरिने जलस्रोत विवरण:

(क) जलस्रोतको नाम(चार किल्ला सहित) भएको ठाउँ:

(ख) जलस्रोत वाट गरिने प्रयोग:

(ग) उपभोक्ता संस्थाले उपयोग गर्न चाहेको जलस्रोतको परिणाम:

(घ) उक्त जलस्रोतको हाल भै रहेको उपयोग:

६. उपभोक्ता संस्थाले पुर्‍याउन चाहेको सेवा सम्वन्धी विवरण

(क) सेवाको किसिम:

(ख) सेवा पुर्याउने क्षेत्र:

(ग) सेवाबाट लाभान्वित हुने उपभोक्ताहरुको संख्या:

(घ) भविष्यमा सेवा विस्तार गर्न सकिने सम्भावना:

७. अर्थिक स्रोतको विवरण:

८. कार्यालयको ठेगाना:

**निवेदक:**

उपभोक्ता संस्थाको तर्फवाट निवेदन

दिनेको

सही:

नामः
पदः
ठेगानाः
मितिः

अनुसूची–२
(नियम ८ को उपनियम(१) संग सम्वन्धित)
पञ्चेश्वर गाउँपालिका जलस्रोत समिति
आम्चौरा,बैतडी

दर्ता मितिः
दर्ता नम्वर
मितिः..................

## उपभोक्ता संस्था दर्ता प्रमाणपत्र

श्री……………………………………………
………………………………………………
………………………………………………

……………………………………………(सम्वन्धित उपभोक्ता संस्थाको नाम)……………………………लाई पञ्चेश्वर गाउँपालिकाको जलस्रोत नियमावली,२०७६ को दफा ८ को उपदफा(१) बमोजिम…………………साल…………..महिना…………………गते पञ्चेश्वर गाउँपालिकाको जलस्रोत नियमावली,२०७६ बमोजिम आफ्नो कार्य सञ्चालन गर्ने गराउने गरी देहाय बमोजिम उपयोगका लगि यस कार्यालयमा दर्ता गरी यो दर्ता प्रमाणपत्र प्रदान गरिएको छ ।

१.उपयोग गरिने जलस्रोत विवरणः
  (क) जलस्रोतको नाम(चार किल्ला सहित भएको ठाउँः
  (ख) जलस्रोत वाट गरिने प्रयोगः
  (ग) उपभोक्ता संस्थाले उपयोग गर्न चाहेको जलस्रोतको परिणामः
२. उपभोक्ता संस्थाले पुर्‍याउन चाहेको सेवा सम्वन्धि विवरणः
  (क) सेवाको किसिमः
  (ख) सेवा पुर्‍याउने क्षेत्रः
  (ग) सेवाबाट लाभान्वित हुने उपभोक्ताहरुको संख्याः
  (घ) भविष्यमा सेवा विस्तार गर्न सकिने सम्भावनाः

सहीः
नाम,थरः
पदः

## अनुसूची–३
**(नियम १३ को उपनियम(१) संग सम्बन्धित)**
**जलस्रोत उपयोगको सर्भेक्षण अनुमति पत्रको लागि दरखास्त**

मितिः……………………

श्री अध्यक्ष ज्यू,
पञ्चेश्वर गाउँपालिका जलस्रोत समिति,
आम्चौरा,बैतडी

जलस्रोतको उपयोगको निमित्त सर्वेक्षण गर्नको लागि अनुमतिपत्र पाउन पञ्चेश्वर गाउँपालिकाको जलस्रोत नियमावली,२०७६ को नियम १३ बमोजिम देहायको विवरण खुलाई दरखास्त पेश गरेको छु ।

(१) व्यक्ति वा संगठित संस्थाको नाम र ठेगाना:

(२) उद्देश्य:

(३) सर्वेक्षण गर्ने क्षेत्र:

(४) सर्वेक्षण गर्न लाग्ने अनुमानित खर्च रु.:

(पुष्ट्याइ विवरण संलग्न गर्नुपर्ने छ)

(५) सर्वेक्षण गर्ने अवधि:

(६) अन्य विवरणहरु:(अपिहिमाल गाउँपालिकाको जलस्रोत नियमावली,२०७६को नियम १३ बमोजिम)

(७) माथि उल्लेखित व्यहोरा ठिक साँचो छ झुठ्ठा ठहरे कानुन बमोजिम सहुँला बुझाउला ।

संगठित संस्था भए सो संस्थाको छाप:

सम्वन्धित व्यक्ति वा संगठित संस्थाको तर्फवाट दरखास्त दिनेको

नाम,थर:

सही:

पद:

ठेगाना:

अनुसूची–४

(नियम १५ संग सम्बन्धित)

**पञ्चेश्वर गाउँपालिका जलस्रोत समिति पञ्चेश्वर,बैतडी**

**जलस्रोत उपयोगको सर्वेक्षण अनुमती पत्र**

अनुमति पत्र संख्या:

मिति:.............

.....

श्री.....................................................

.........................................................

महाशय,

तपाईलाई जलस्रोतको उपयोगको सर्वेक्षण गर्न पाउने गरी देहायको विवरण खोलि पञ्चेश्वर गाउँपालिकाको जलस्रोत नियमावली,२०७६ को नियम १५ बमोजिम यो अनुमतिपत्र प्रदान गरिएको छ ।

(१) व्यक्ति वा संगठित संस्थाको पूरा ठेगानाः

(२) जलस्रोत सर्वेक्षणको उद्धेश्य

(३) जलस्रोत सर्वेक्षणको क्षेत्र

(४) सर्वेक्षण गर्ने अवधि

(५) अनुमति पत्र बहाल रहने अवधि

अनुमतिपत्र दिने अधिकारीको
नामः

सहीः
पदः

**अनुसूची–५**
**(नियम १७ संग सम्बन्धित)**
**जलस्रोत उपयोग अनुमतित्रको लागि दरखास्त**

मितिः....................

श्री अध्यक्ष ज्यू,
पञ्चेश्वर गाउँपालिका,जलस्रोत समिति
आम्चौरा,बैतडी

जलस्रोत उपयोगको निमित्त अनुमति पाउन जलस्रोत नियमावली,२०७६को नियम(१७) बमोजिम देहायका विवरणहरु समेत खुलाई यो दरखास्त पेश गरेको छु ।

(१) व्यक्ति वा सांगठनिक नाम र ठेगानाः

(२) उद्धेश्य

(३) उपयोग गर्न खोजेको जलस्रोतको परिमाण र उपयोग गर्ने परियोजन

(४) प्रस्तावित जलस्रोतको मुहान रहेको (चार किल्ला)र उपयोग गर्ने ठाउँ

(५) जलस्रोतको उपयोगवाट लाभ पुग्ने ठाउँको क्षेत्रफल
(६) प्रस्तावित उपभोग वाट हुन सक्ने सम्भावित लाभ
(७) प्रस्तावित सेवा वाट लाभान्वित हुन सक्ने उपभोक्ता संख्या
(८) जलस्रोत उपयोगका लागि लाग्ने अनुमानित रकम र सोको स्रोत
(९) जलस्रोत उपयोग गर्ने तरिका
(१०) जलस्रोतको हाल भएको उपयोग र भविष्यमा हुन सक्ने उपयोग
(११) अन्य विवरण
माथि उल्लेखित व्यहोरा ठिक साँचो छ झुठ्ठा ठहरे कानुन बमोजिम सहुला वुझाउला ।

संगठित संस्था भए सो को छापः
संम्वन्धित व्यक्ति वा संगठित संस्थाको

तर्फवाट दरखास्त दिनेको
नाम,थरः
सहीः
पदः
ठेगाानाः

**अनुसूची–६**
**(नियम २० संग सम्बन्धित)**
**पञ्चेश्वर गाउँपालिका जलस्रोत समिति आम्चौरा**
**बैतडी**
**जलस्रोत उपयोगको अनुमतिपत्र**

मितिः.........................
श्री..................................................
.......................................................

महाशय,
तपाईलाई जलस्रोतको उपयोग गर्न पाउने गरी देहायको विवरण खोली पञ्चेश्वर गाउँपालिकाको जलस्रोत नियमावली,२०७६ को नियम (२०) बमोजिम यो अनुमतिपत्र प्रदान गरिएको छ ।
(१) व्यक्ति वा संगठनिक संस्थाको नाम र ठेगानाः
(२) जलस्रोत उपयोगको उद्धेश्यः
(३) जलस्रोतको नाम ,किसिम र रहेको स्थान(चारकिल्ला सहित)
(४) उपयोग गर्न पाउने जलस्रोतको परिणाम
(५) जलस्रोत उपयोगको क्षेत्रः
(६) जलस्रोत उपयोग गर्ने तरिकाः

(७) प्रस्तावित परियोजना वाट लाभान्वित हुने उपभोक्ताहरुको संख्याः
(८) अनुमतिपत्र वहाल रहने अवधिः

अनुमतिपत्र दिने अधिकारीको

नामः
सहीः
पदः

**अनुसूची_७**
**(नियम २४ को उपनियम(२) संग सम्बन्धित)**
**पञ्चेश्वर गाउँपालिका जलस्रोत समिति आम्चौरा**
**बैतडी**
**जलस्रोत उपयोगको अनुमतिपत्र**

अनुमतिपत्र सं. मितिः.........................

श्री..................................................
.......................................................

महाशय,
तपाईलाई ..........................................................................मा दिनु भएको दरखास्त वमोजिम देहायको विवरणहरु खुलाई जलस्रोत नियमावली,२०७६को नियम २४ वमोजिम यो अनुमतिपत्र प्रदान गरिएको छ।
(१) जलस्रोत उपयोग गर्ने व्यक्ति वा संगठित संस्थाको पूरा ठेगानाः
(२) जलस्रोत उपयोग संग सम्वन्धित परियोजनाको नाम र किसिमः
(प्रत्येक उपयोग संग सम्वन्धित)
(३) जलस्रोतको नाम र रहेको स्थान
(४) जलस्रोत उपयोग भएको स्थान

(५) जलस्रोत उपयोग भएको परिणाम

प्रदेश................जिल्ला........................वा गाउँपालिका.......................................

(६) उपभोक्ता संख्या र त्यसको किसिम

(७) सेवा उपलब्ध गराउन शुरु गरेको मितिः

(८) अनुमतिपत्र बहाल रहने अवधि

(९) अन्य शर्तहरु

अनुमतिपत्र दिने अधिकारीको

नामः

सहीः

पदः

**अनुसूची–८**

**(नियम १३ को उपनियम(२), नियम २५ र २६को उपनियम(२)संग सम्बन्धित)**

<u>अनुमतिपत्र दस्तुर</u>

| जलस्रोत उपयोगको किसिमः | दस्तुरः |
|---|---|
| (क) खानेपानी र घरेलु उपयोग | रु.१०० |
| (ख) सिचाई | रु.२०० |
| (ग) पशुपालन तथा मत्स्यपालन जस्ता कृषि जन्य उपयोग | रु.१०० |
| (घ) घरेलु उपयोग,औद्योगिक व्यवशाय तथा खानीजन्य उपयोग | रु.२०० |
| (ङ) जलयातायात | रु.५०० |
| (च) आमोद,प्रमोद जन्य उपयोग | रु.५०० |
| (छ) अन्य उपयोग | रु.५०० |

अनुसूची–९
(नियम २५(२)संग सम्बन्धित)
<u>जलस्रोत उपयोग वापत वुभ्काउनुपर्ने वार्षिक शुल्क</u>

<u>१.सिचाईको हकमाः</u>

(क) दुई हजार हेक्टर सम्मको जमिन सिचाई गर्न प्रतिहेक्टर रु........का दरले अधिकतम रु.१०००
(ख) दुईहजार देखि पाँचहजार हेक्टर सम्मको जमिन सिचाई गर्न रु.२०००
(ग) पाँचहजार देखि दशहजार हेक्टर सम्मको जमिन सिंचाई गर्न रु.५०००
(घ) दशहजार देखि पन्ध्र हजार हेक्टर सम्मको जमिन सिंचाई गर्न रु.१०,००
०
(ङ) पन्ध्र हजार देखि विस हजार सम्मको जमिन सिचाई गर्न रु.१५००
०
(च) विसहजार देखि पच्चिस हजार हेक्टर सम्मको जमिन सिंचाई गर्न रु.२०००
०
(छ) पच्चिस हजार हेक्टर भन्दा माथिको जमिन सिंचाई गर्न रु.२५००
०

<u>२. खानेपानीको हकमाः</u>

(क) दुई हजार सम्मको जनसंख्या लाई खानेपानी व्यवस्था गर्न रु.५००
(ख) दुईहजार देखि पाँचहजार सम्मको जनसंख्यालाई खानेपानी व्यवस्था गर्न रु.२०००
(ग) पाँचहजार देखि दशहजार सम्मको जनसंख्या लाई खानेपानी व्यवस्था गर्न रु.५०००
(घ) दशहजार देखि पन्ध्र हजार सम्मको जनसंख्यालाई खानेपानी व्यवस्था गर्न रु.१०००
०

(ङ) पन्ध्र हजार देखि विस हजार सम्मको जनसंख्यालाई खानेपानी व्यवस्था गर्न रु.१५००

०

(च) विसहजार देखि पच्चिस हजार सम्मको जनसंख्यालाई खानेपानी व्यवस्था गर्न रु.२०००

०

(छ) पच्चिसहजार भन्दा माथिको जनसंख्यालाई खानेपानी व्यवस्था गर्न रु.२५००

०

३. कृषि जन्य उपभोगका लागि रु.२००० देखि २०००० सम्म पानी प्रयोगको परिमाणको आधारमा ।

४. घरेलु उद्योगको लागि रु.२००० देखि २०हजार सम्म पानी प्रयोगको परिमाणको आधारमा ।

५.औद्योगिक व्यवसाय तथा खानीजन्य उपयोगको लागि रु.५००० देखि ५०००० सम्म पानी प्रयोगको परिमाणको आधारमा ।

६. आमोद,प्रमोद जन्य प्रयोगका लागि रु.१००० देखि १०००० सम्म पानी प्रयोगको परिमाणको आधारमा ।

७. अन्य प्रयोगका लागि रु.५००० देखि १०००० सम्म वार्षिक कारोवारका आधारमा ।

**अनुसूची-१०**

**(नियम४५संग सम्बन्धित)**

**जग्गा उपभोग वा प्राप्तीका लागि दरखास्त**

मितिः....................

श्री अध्यक्ष ज्यू,
जलस्रोत समिति,पञ्चेश्वर गाउँपालिका
आम्चौरा,बैतडी

महोदय,

जलस्रोतको उपयोगको सिलसिलामा निर्माण कार्य शूरुगर्नको लागि तपशिलमा उल्लेखित घर जग्गा उपयोग गर्नुपर्ने वा प्राप्त गर्नुपर्ने भएकोले नियमा अनुसार उपयोग गर्न पाउने गरि वा प्राप्त गराई पाउन यो दरखास्त पेश गरेको छु ।

**तपशिलः**

१.आवश्यक जग्गाको चारकिल्ला खुल्ने विवरण
२.जग्गाको स्वामित्व खुल्ने प्रमाण कागजात तथा सम्वन्धित वडा कार्यालयको सिफारिस
३.जग्गाको उपयोग प्रयोजन खुल्ने कागजात

संगठित संस्था भए सो संस्थाको छापः

सम्वन्धित व्यक्ति वा संगठित संस्थाको तर्फवाट दरखास्त दिनेको

नाम,थरः
सहीः
पदः
ठेगानाः